जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ६६ २०८३ साल असोज २० गते मंगलबार (6 Oct 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**चट्याङको समयमा सर्तक रहौं**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : दुई कास्य पदकमा... ३ पृष्ठमा : सरकार विपद् व्यवस्थापनमा ... ३ पृष्ठमा :इमरानको रिहाइ माग्दै ...

# सप्तरीबाट हराइरहेका एक बालक र दुई बालिकाको नयाँ दिल्लीबाट उद्धार






**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

दश वर्षदेखी हराइरहेका एक बालक तथा डेढ महिना अघि हराएकी दुई बालिकालाई खोजी गरी सप्तरी प्रहरीले अभिभावकको जिम्मा लगाएको छ ।

सप्तरीको अग्निसाइर कृष्णसवरण गाउँपालिका ६ बाट ऋषिदेव सदाका १६ वर्षिय छोरा शिवकुमार सदालाई खोजी गरी प्रहरीले परिवारजनको जिम्मा लगाएको हो भने जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ८ जोगिनियाँबाट हराएकी दुई बालिकालाई प्रहरीले खोजी गरी अभिभावकको जिम्मा लगाएको छ ।

अग्निसाइर कृष्णासवरणका सदा १० वर्षअघि आफ्नै घरबाट सम्पर्कविहीन भएका थिए । खोजतलासका क्रममा भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले त्यहाँ स्थित 'किड इन्डिया' संस्थासँग समन्वय गरी शिवकुमारको उद्धार गरेको

***बाँकी अन्तिम पृष्ठमा***

# रहेनन् हरि बाबु



**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

समाजसेवी हरेकृष्ण प्रसाद सिंह (हरि बाबु)को सोमबार निधन भएको छ । ८६ वर्षको उमेरमा उनको निधन भएको हो । राजविराज वडा नं. ९ स्थित घरमा लामो समयदेखी बिरामी भई थलो परेका थिए ।

सगरमाथा पेट्रोलियम डिलर्स एसोसिएसनका पूर्व अध्यक्ष समेत रहेका सिंह लामो समयदेखी विभिन्न सामाजिक क्षेत्रमा क्रियाशिल रहँदै आएका थिए । गजेन्द्र नारायण सिंहसँगै राजनीतिक यात्रामा रहेका उनी पछिल्लो समय राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीहुँदै राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रिय सदस्य समेत थिए ।

यस्तै उनी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, भोरुकवा एफएमका पूर्वअध्यक्ष लगायत अन्य सामाजिक सेवामा सक्रियाता पूर्वक भूमिका निर्वाह गरेका थिए ।

उनको निधनप्रति विभिन्न संघसंस्था, राजनीतिक दल तथा बुद्धिजिविहरुले गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

# संघीयतामैत्री मिडिया कानुन निर्माणका लागि प्रदेशका सञ्चार नेतृत्वद्वारा संचारमन्त्रीलाई सुझावपत्र



**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

प्रदेश तहका सञ्चार सम्बन्धी निकायका प्रमुख तथा रजिष्ट्रारहरूले सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. बिक्रम तिमिल्सिनालाई नेपालको संविधान २०७२ को दफा २३२ मा आधारित रही संघीयतामैत्री मिडिया कानुन निर्माण गर्नका लागि सोमबार संयुक्त सुझावपत्र हस्तान्तरण गरेका छन् ।

कोशी प्रदेशका प्रेस रजिष्टार लिला भट्टराई, मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गा, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी र बागमती प्रदेशका सञ्चार रजिष्टार रेवती प्रसाद सापकोटाले संयुक्त रूपमा उक्त सुझाव पत्र हस्तान्तरण गरेका हुन् ।

प्रस्तावित आमसञ्चार सम्बन्धी विधेयक तथा प्रेस काउन्सिल ऐनलाई संशोधन गरी संघीय ढाँचा अनुकूल बनाउन सुझाव पत्र पेस गरिएको मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले जानकारी दिएका छन् ।

पेस गरिएको सुझावहरूमा प्रदेशको प्रतिनिधित्व र अधिकार विकेन्द्रीकरणः सञ्चार क्षेत्रका केन्द्रीय नियामक निकाय तथा काउन्सिलको गठन गर्दा सातै प्रदेशको अनिवार्य प्रतिनिधित्व गराउनुपर्ने र केन्द्रीय संरचनाको सट्टा प्रदेश स्तरमै काम कर्तव्य र अधिकार तोकिनुपर्ने, दर्ता, सूचीकरण र वर्गीकरण प्रदेशमै पत्रपत्रिका दर्ता/अभिलेखीकरण, अनलाइन सञ्चार माध्यमको दर्ता तथा नवीकरण र आमसञ्चार माध्यमको वर्गीकरण गर्ने अधिकार प्रदेशका नियामक निकायलाई दिनुपर्ने छन् ।

यस्तै आचारसंहिता पालना र उजुरी छानबिनः आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी प्रदेश कार्यालयमै दिन सकिने र प्रदेश संयोजकलाई आचारसंहिता कार्यान्वयन, उजुरी छानबिन तथा मेलमिलाप गराउन पाउने स्पष्ट कानुनी अधिकार तोक्नुपर्ने, पत्रकार कल्याण कोष र वरिष्ठता निर्धारण प्रदेश स्तरमै पत्रकार कल्याण कोष सञ्चालन, वरिष्ठ पत्रकारको

***बाँकी अन्तिम पृष्ठमा***

# दुर्घटनामा परेका युवकको साथबाट पेस्तोल बरामद

**दैनिक समाचारदाता**
**सर्लाही, १९ असोज ।**

दुर्घटनामा परेका एक युवकको साथबाट प्रहरीले पेस्तोल बरामद गरेको छ । सोमबार दिउँसो कविलासी नगरपालिका-३, मदनपुरस्थित भित्री सडकमा भारतीय नम्बर बिआर ३० वाई २८३५ नम्बरको मोटरसाइकल चालकबाट पेस्तोल बरामत गरिएको हो ।

घाइते चालक सोही स्थानका ३३ वर्षका तुलसी ठाकुरको साथबाट प्रहरीले एक थान सिक्सर पेस्तोल बरामद गरेको हो । आफैँ अनियन्त्रित भई दुर्घटनामा परेका मोटरसाइकल चालक घाइते रहेको र उनको साथमा पेस्तोल रहेको स्थानीयले खबर गरेपछि प्रहरी घटनास्थल पुगेको थियो ।

हतियारसहित घाइते ठाकुरलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । उनको दायाँ र बायाँ हातमा सामान्य चोट लागेको छ । ठाकुरलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पचिस क्विन्टल भन्दा बढी गाँजासहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, १९ असोज ।**

सुनसरी प्रहरीले इनरुवाबाट २ हजार ५ सय ६६ किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

इनरुवा नगरपालिका-३ सखुवागाछी चोकमा गएराति पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको

***बाँकी अन्तिम पृष्ठमा***

**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अस्पताल सुधारका आधारहरु

अस्पताल नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील संस्था हो । बिरामी र उनका परिवारका लागि अस्पताल आशा र भरोसाको केन्द्र बन्नुपर्छ । तर कतिपय अस्पतालमा आवश्यक औषधि, उपकरण, दक्ष जनशक्ति, सरसफाइ, समयमै उपचार तथा प्रभावकारी व्यवस्थापनको अभाव देखिने गरेको छ । अस्पताल सुधारका लागि सबैभन्दा पहिले प्रभावकारी व्यवस्थापन आवश्यक छ । अस्पतालमा उपलब्ध स्रोत-साधनको सही उपयोग, चिकित्सक तथा स्वास्थ्यकर्मीको नियमित उपस्थिति, बिरामीलाई सहज सेवा र गुनासो सुनुवाइको व्यवस्था हुनुपर्छ । उपचारका लागि आउने नागरिकले अनावश्यक झन्झट र लामो प्रतीक्षा गर्नुपर्ने अवस्था अन्त्य गरिनुपर्छ ।

त्यसैगरी अस्पतालमा आवश्यक औषधि तथा स्वास्थ्य उपकरणको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ । आधुनिक उपकरण भए पनि सञ्चालन गर्ने दक्ष जनशक्ति नहुँदा त्यसको अर्थ रहँदैन । त्यसैले भौतिक पूर्वाधारसँगै चिकित्सक, नर्स, प्राविधिक तथा अन्य स्वास्थ्यकर्मीको क्षमता विकास र पर्याप्त जनशक्ति व्यवस्थापनमा ध्यान दिन आवश्यक छ । अस्पतालको सुधार केवल भवन निर्माण वा नयाँ उपकरण खरिदमा सीमित नभई सरसफाइ, खानेपानी, शौचालय, बिरामीमैत्री वातावरण, आकस्मिक सेवा, पारदर्शिता र सेवाको गुणस्तर पनि सुधारका महत्वपूर्ण आधार हुन् ।

अस्पताललाई राजनीतिक हस्तक्षेप भन्दा सेवा, दक्षता र उत्तरदायित्वको आधारमा सञ्चालन गर्ने संस्कार विकास गर्नुपर्छ । तसर्थ सरकार, स्थानीय तह, अस्पताल प्रशासन, स्वास्थ्यकर्मी र नागरिकबीचको सहकार्यबाट मात्र अस्पताललाई प्रभावकारी बनाउन सकिन्छ ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# दुई कास्य पदकमा रोकिएको नेपालको नागोया यात्रा

**राजु सिलवाल**

काठमाडौं, १९ असोज (रासस) ।

जापानको नागोयामा आयोजित बीसौँ एसियाली खेलकुद एशियाडमा नेपालले हासिल गरेको परिणाम र नेपालका खेल अधिकारीहरूले गरेको अपेक्षामा ठूलो ठेस लागेको छ । राष्ट्रिय खेलकुद परिषदले सञ्चालन गरेको ‘मिसन २०२६’ को लक्ष्य अनुसार नेपाली खेल टोली एशियाडमा प्रतिस्पर्धाका लागि प्रस्थान गर्दा यसपटक नेपालले विगतको भन्दा ठूलो उपलब्धि हासिल गर्ने पूर्व अनुमान गरिएको थियो । नेपालले एशियाडमा ७५ वर्ष लामो सहभागितामा पहिलोपटक स्वर्ण र दोहोरो अङ्कमा पदक जित्ने पूर्व उद्घोष दुई कास्य पदकमा सीमित हुन पुगेको छ । नेपाली खेल टोलीले धेरै पदकको सपना देखे पनि लक्ष्य, तयारी तथा खेलाडीहरूको स्तरबीच तालमेल हुन नसकेको स्पष्ट देखियो । खेल अधिकारीहरूले पदकको आशा गरेका खेलाडीहरू समेत सफलता हात पार्न नसकेर खाली हात फर्कनु परेपछि नागोयाको सहभागिता बारे गम्भीर प्रश्न उठेको छ ।

**तेन्जिङको आरोहण**

विश्व मानचित्रमा मुलुकको नाम जाज्वल्यमान गराउने काममा हिमाल आरोही शेर्पाहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यसपालि एशियाडमा पनि एक शेर्पा खेलाडीले पहिलोपटक पदक जितेर पदक तालिकामा नेपालको नाम आरोहण गराउनु कम चुनौतीपूर्ण थिएन । नागोयामा सहभागी भएका नेपाली कराते खेलाडीहरूमध्ये तेन्जिङ शेर्पा मुलुकलाई पहिलो कास्य पदक दिलाउने भाग्यमानी बन्न पुगेका थिए । पहिलो खेलमै मकाउका प्रतिस्पर्धीले चारपटक गल्ती गर्दै अयोग्य घोषित भएपछि तेन्जिङले सोझै सेमी फाइनलमा पुग्ने अवसर पाएका थिए । पदक प्राप्तिको अत्यधिक अपेक्षा गरिएको कराते खेलतर्फ चौथो दिनसम्म कुनै खेलाडीले पनि सफलता नपाइरहेको बेला शेर्पाले एक कास्य पदक पाएर मुलुकको इज्जत जोगाएका छन् ।

कुमुते तथा काताामा सहभागी अन्य सात सहकर्मी पराजित भएर मैदानबाट बाहिर सकेको अवस्थामा कराते खेलको अन्तिम दिन तेन्जिङ इरानी खेलाडीसँग सेमी फाइनलमा हारे पनि तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा लाओसका खेलाडीलाई विशाल अङ्कको अन्तरले हराएर कास्य पदकको हकदार बन्न पुगेका थिए । मुलुकमा बाढी र पहिरोको समस्याले सबै शोकमा रहेका बेला आफूले अलिकति भए पनि खुसीको सञ्चार गराउन सकेकामा पदक बिजेता तेन्जिङले सन्तोष व्यक्त गरेका छन् । स्वदेश फर्केपछि बिमानस्थलमा उनले आफूले जितेको पदक जन्मदाता आमालाई लगाएर सम्मानीत गरेको क्षण अनुकरणीय मान्न सकिन्छ ।

**अर्को पदक पनि आमालाई**

तीन वर्षअघि चीनमा तथा यसपालि गरी एशियाडमा लगातार दुई पटक कास्य पदक जितेको नेपाली महिला कबड्डी टिमका सदस्यहरूले आफूले हासिल गरेको पदक पनि आमाप्रति समर्पित गरेर मातृभक्ति दर्साएका छन् । नेपालको दुई पटकको विजयमा महत्वपूर्ण भूमिका खेलेकी कबड्डी प्रशिक्षक पार्वती राईलाई खेलाडीहरूले आमा सम्बोधन गर्दै सबै पदक लगाएर सम्मान गरेको क्षण अत्यन्त गर्विलो थियो । नागोयामा विभिन्न खेलमा दिनहुँजसो नेपाली खेलाडीहरूको निरासाजनक नतिजा आइरहेको बेला मनमती विष्टको नेतृत्वमा रहेको नेपाली महिला कबड्डी टिमले एशियाडमा दोस्रो पटक कास्य पदक जितेर इतिहास कायम गर्न सफल भएको थियो । थाइल्याण्ड र श्रीलङ्कालाई दबाब दिँदै हराउन सफल नेपाली टिम चाइनिज ताइपेइसँग भने पराजित हुन पुगेको थियो ।

सेमीफाइनलमा नेपाली टिम भारतसँग पराजित भई कास्य पदकमा सीमित हुन पुगे पनि नेपाली महिला कबड्डीमा नेपालले आगामी दिनमा थप सफलता प्राप्त गर्न सक्ने सङ्केत देखिएको छ । महिला कबड्डीमा भारतीय टिम तुलनात्मक रूपमा अन्य टिमभन्दा बलियो मानिएको छ।नेपाली टिम भारतसँग पराजित भएको यो पहिलो पटक थिएन । अघिल्लो एशियाडमा पनि नेपाल सेमीफाइनलमा भारतसँगै हारेको थियो । १३औं दक्षिण एसियालीखेलकुदको महिला कबड्डी फाइनलमा पनि नेपाल भारतसँग पराजित भई रजत पदकमा सीमित भएको थियो ।

यस्तै एसियालीमहिला कबड्डी च्यापियनसीपमा पनि नेपाल भारतसँग पराजित हुँदै कास्य पदक लिएर स्वदेश फर्केको थियो । अब आउने प्रतिस्पर्धाहरूमा पुरानो प्रतिद्वन्द्वी टिमलाई परास्त गर्नसक्ने गरी महिला कबड्डी टिमलाई सक्षम बनाउन सम्बन्धित पक्षले यथोचित कदम चाल्नुपर्ने जरुरी देखिन्छ । यसका लागि सबैभन्दा पहिले कबड्डीका लागि छुट्टै कभर्ड हलको आवश्यकता महसुस गरिएको छ । एशियाडमा नेपालको महिला टिमको तुलनामा पुरुष कबड्डी टिम भने कमजोर देखिएको थियो । समूह चरणको अन्तिम खेलमा नेपाली पुरुष कबड्डी टिमले मलेसियालाई हराउँदै सान्त्वना जित हात पारे पनि अघिल्लो तीनै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको थियो । एशियाडको अनुभव भोलि आउने प्रतिस्पर्धाका लागि उपयोगी हुने कुरामा सहमत हुन सकिन्छ ।

**आशा गरिएकाहरू चुकेपछि**

करातेमा नेपालका तीन खेलाडी कास्य पदकको भिडन्त अवधिसम्म र अन्य चार जना प्रारम्भिक चरणमा बाहिरिनु दुर्भाग्य रह्यो । एशियाडमा स्वर्ण पदकको अपेक्षा गरिएकी कराते खेलाडी एरिका गुरुङ भिडन्तमा दुई सेकेण्ड टिक्न नसक्दा रित्तो हात फर्कनु पर्‍यो । अघिल्लो एशियाडमा रजत पदक जितेपछि लगातार विभिन्न वैदेशिक प्रतियोगितामा पदक जित्न सफल एरिका करिब तीन वर्षको प्रशिक्षणपछि उच्च मनोबलका साथ जापान गएकी थिइन् । उनले क्रमिक रूपमा हासिल गर्दै गएको सफलताको कारण उनीप्रति स्वर्ण पदकको अपेक्षा गरिएको थियो । उनलाई जित्नै पर्ने मनोबैज्ञानिक दबाब पनि थियो । पहिलो खेलमै जोर्डनकी यारा नासेरलाई एक अङ्कका विरुद्ध सात अङ्कको फराकिलो अन्तरले पराजित गरेर उनले राम्रो सम्भावनाको सङ्केत देखाएकी थिइन तर दुर्भाग्य सेमीफाइनलको भिडन्त एरिकालाई विगतमा तीन पटक पराजित गरिसकेकी काजाकिस्तानकी सोफ्या बेरुत्सेभासँग हुन पुग्यो । उनीसँग एरिका पराजित हुन पुगिन् । गत एशियाडमा पनि एरिका उनैसँग हारेकी थिइन् । त्यसपछि दुई पटक प्रिमियर लिग फाइनलमा पनि उनैको जित भएको थियो । रिपिचेजबाट कास्य पदक जित्ने सम्भावना भए पनि एरिका साउदी अरेबियाकी खेलाडीसँग हारेपछि नेपालको पदकको सम्भावना गुमेको थियो ।

कराते खेलाडी मीनबहादुर तामाङ हङकङ तथा ताजिकिस्तानका खेलाडीलाई हराउँदै सेमीफाइनलमा पुगेर पदकको सम्भावित दाबेदारका रूपमा प्रस्तुत गरेका थिए । तर उनी सेमीफाइनलमा कुवेत तथा कास्य पदकका लागि भएको खेलमा साउदी अरेबियाका खेलाडीसँग पराजित भएपछि पदकको सम्भावना रहेन । पहिलो चरणमा बाई पाएका राकेश मानन्धरले थाइल्याण्डका खेलाडीलाई भारी अङ्कको अन्तरले हराई क्वाटरफाइनल खेल जितेका थिए तर उनि सेमीफाइनलमा उज्वेकिस्तान र कास्य पदकका लागि भएको खेलमा मलेसियाका खेलाडीसँग हारेका थिए । निरुपा डोङ तामाङ प्रारम्भिक चरणमै हङकङकी खेलाडीसँग पराजित भएर बाहिरिएकी थिइन् । व्यक्तिगत कातामा सानुमाया थिङ दक्षिण कोरियाकी खेलाडीसँग पराजित भएर राउण्ड अफ १६ बाट बाहिरिएकी थिइन् । नेपाली महिला काता टिम पनि पदक हासिल गर्नबाट बन्चित हुन पुगेपछि करातेमा थप पदक आउने सम्भावनाको अन्त्य भएको थियो ।

बक्सिङ खेलाडी चन्द्रबहादुर थापालाई पनि एशियाडमा स्वर्ण पदकको दाबेदारका रुपमै हेरिएको थियो । वर्ल्ड बक्सिङ च्याम्पियनसीपमा कास्य पदक जितेर नेपाली खेलाडीहरूमध्ये हालसम्मकै सर्वाधिक ७५ हजार डलर पुरस्कार पाएका खेलाडी थापासहित अन्य नेपाली पुरुष तथा महिला बक्सिङ खेलाडी पराजित भएपछि बक्सिङको सम्भावना पनि गुम्न पुगेको थियो । बक्सिङमा केही खेलाडी प्रारम्भिक तथा दोस्रो चरणसम्म पुगेका थिए । पदकको अपेक्षा गरिएको उसु खेलमा कुनै पनि नेपाली खेलाडीको उल्लेखनीय प्रदर्शन हुन सकेन । दोस्रो पटक एशियाडमा भाग लिएको नेपाली महिला भलिबल टिमले नागोयामा सहभागीहरूमध्ये १२ औं स्थान प्राप्त गर्‍यो । नेपालले खेलेका कूल पाँच खेलमध्ये चार खेलमा हारेको थियो भने एक खेल जितेको थियो । नेपाल जापान, हङकङ, इण्डोनेशिया र मङ्गोलियासँग लगातर सोझो सेटले पराजित भएको थियो भने नेपालले कीर्गिस्तानलाई लगातार सोझो सेटमा हराएको थियो । जुडोमा पनि चार खेलाडी पहिलो चरणमै बाहिरिएका थिए । टेनिस डबल्समा नेपाली खेलाडी दोस्रो चरणसम्म पुगेका थिए ।

सफ्ट टेनिसको मिक्स्ड डबल्समा नेपाल पहिलो खेलमा चाइनिज ताइपेइसँग हारे पनि दोस्रो मङ्गोलियालाई हराई समूहको उपविजेता बनेर अन्तिम १६ मा प्रवेश गरेको थियो तर त्यसपछि अघि बढ्न असफल भई नेपाल प्रतियोगिताबाट बाहिरिएको थियो । टेबुलटेनिसको मिक्स डबल्समा नेपालले पाकिस्तानलाई लगातार सोझो सेटले पराजित गर्दै दोस्रो चरणमा पुगे पनि हङकङसँग हारेपछि घर फर्कनुपरेको थियो । ब्याडमिण्टनको पुरुष सिंङ्गल्समा नेपालका क्षितिज खनाल पहिलो चरणमा विजय बने पनि दोस्रो चरणमा इरानका खेलाडीसँग हार्न पुगे । महिला सिङ्गल्सतर्फ रिहाना शेरचन दोस्रो चरणमा पुगे पनि श्रीलङ्काकी खेलाडीसँग पराजित भएपछि यात्रा टुङ्गिएको थियो ।

नेपालले हालसम्म सबैभन्दा धेरै १४ वटा पदक ल्याएको ताइक्वाण्डो खेलमा पछिल्लो पटक सन् २००६ मा पदक प्राप्त भएको थियो । २० वर्षपछि पनि नेपालले पदक जित्न नसकी प्रारम्भिक चरणमै प्रतियोगिताबाट बाहिरिनु पर्‍यो । अन्य केही खेलमा पनि नेपाली खेलाडीले प्रारम्भिक चरणमा राम्रो प्रदर्शन गरेर सुखद् सङ्केत देखाए पनि अघिल्ला चरणमा बाहिरिनु नेपालका लागि दुर्भाग्य हुन गयो ।

नेपालका आर्चरी खेलाडी सबै प्रतिस्पर्धाबाट बाहिरिएको थियो । एथलेटिक्स, साईक्लिङ, गल्फ, स्केट बोर्डिङ, स्क्वास, कुस्तीलगायतका खेलमा पनि नेपाली खेलाडीहरूको प्रदर्शन सन्तोषजनक हुन सकेन । एशियाडमा प्रतियोगिताहरू समाप्त हुँदै गइरहेको समयमा नेपाली खेलाडीले क्यानोइङमा पदकको सम्भावना देखाए पनि सफलता भने हात लागेन । नेपालका विजय माझीले उत्कृष्ठ प्रदर्शन गर्दै पुरुष कायक सिंङ्गल स्लालोमको फाइनल चरणसम्म पुग्दै १० औं स्थान हासिल गरेका थिए । अर्का खेलाडी आशिष रानामगर सेमी फाइनल र कायक क्रसमा क्वाटरफाइनलसम्म पुगेका थिए ।

**रित्तो हात फर्कनु परेन**

नेपाली कराते टिम एशियाडमा एक कास्य पदकमै सीमित भएता पनि जापानमै भएको ११ औं विश्व सितोरियो कराते डो च्याम्पियनसीपमा छ वटा पदक जितेर उत्साहित हुँदै स्वदेश फर्कनु सुखद संयोग मानिएको छ । उक्त प्रतियोगितामा चर्चित नेपाली कराते खेलाडी एरिका गुरुङले स्वर्ण पदक जितेपछि एशियाडले बनाएको निरासा फेरि खुसीमा परिणत गर्न सफलता प्राप्त गरेकी थिइन ।

त्यस्तै राकेश मानन्धरले पनि स्वर्ण पदक जितेर जापानबाट पदक ल्याउन सपना पूरा गरेका थिए । सो प्रतियोगितामा नेपाली खेलाडी निरुपा डोङ तामाङले रजत पदक तथा मीनबहादुर तामाङले कास्य पदक पाएका थिए । नेपाली खेलाडीहरूले कुमितेतर्फ टिम प्रतिस्पर्धा तथा मेघा लिम्बु, सानुमाया थिङ र एलिशा रास्कोटी सम्मिलित काता टोलीले पाएको कास्य पदकबाट नेपाली कराते टोलीलाई आगामी दिनमा अझ उत्साहका साथ प्रदर्शन गर्न ऊर्जा मिलेको

*बाँकी तीन पृष्ठमा*

# सरकार विपद् व्यवस्थापनमा प्रदेश र स्थानीय तहको समन्वयमा निरन्तर खटिएको छ : प्रधानमन्त्री

काठमाडौँ, १९ असोज (रासस)।
प्रधानमन्त्री वालेन्द्र शाहले सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको आपसी समन्वयमा उच्च प्राथमिकताका साथ विपद् व्यवस्थापन कार्य भइरहेको बताउनुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकमा प्रधानमन्त्री शाहले सरकार कुनै पनि किसिमको सम्झौता नगरी विपद् व्यवस्थापनमा निरन्तर खटिरहेको स्पष्ट पार्नुभएको हो।

प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूलाई लक्षित गर्दै भन्नुभयो, "हामीले उपलब्ध स्रोत साधन र जनशक्ति परिचालन गरी चाँडोभन्दा चाँडो विपद् व्यवस्थापनको काम सक्दैछौँ, त्यसैले यस विषयलाई लिएर ढुक्क हुन आग्रह गर्दछु।" सो बैठकमा गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका मुख्यमन्त्रीहरूको पनि सहभागिता थियो।

उहाँले भोटेकोशी-त्रिशूली, गण्डकीसँगै अन्य क्षेत्रमा आएको बाढीपहिरोको क्षतिको पनि अध्ययनसहित त्यसको व्यवस्थापनमा सरकार जुटिरहेको बताउनुभयो।

प्रधानमन्त्री शाहले विपद् जोखिम न्यूनीकरणका लागि सरकारले पूर्वसूचना प्रणालीलाई थप सुदृढ र व्यवस्थित बनाउन लागेको पनि उल्लेख गर्नुभयो। साथै सरकारले हिमपहिरोको जोखिम न्यूनीकरणका लागि पनि आवश्यक काम गरिहेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री शाहले यस विपद् व्यवस्थापनमा आफ्नो पनि ज्यान जोखिममा राखेर निरन्तर खटिनुभएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयमसेवक, राजनीतिक दलका प्रतिनिधिलगायत सबैप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले विपद्मा परी सम्पर्कविहीन हुनुभएकाहरूलाई मृतक वा सो सरह घोषणका लागि कानुनी व्यवस्था संशोधन गर्नुपर्ने बताउनुभयो। नेता आङदेम्बेले विपद्को समयमा सबै एक भई अघि बढ्नुपर्ने धारणा व्यक्त गर्दै उद्धार, राहतलगायतका काममा आवश्यक सहयोग र सहकार्य गर्न आफूहरू सदैव तयार रहेको स्पष्ट गर्नुभयो।

बैठकमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले असोज ९ देखि ११ गतेसम्म गण्डकी प्रदेशमा आएको बाढीका कारण ठूलो क्षति भएको उल्लेख गर्दै पुनःनिर्माणका लागि 'प्याकेज' आवश्यक भएको बताउनुभयो। उहाँका अनुसार गण्डकी प्रदेशमा पछिल्लो बाढी तथा पहिरोका कारण ३५ जनाको ज्यान गुमाएका छन् भने पाँच जना बेपत्ता र १५ जना घाइते भएका छन्।

"बाढीका कारण ४०६ वटा घरमा पूर्णरूपमा र ७३६ वटा घरमा आंशिक क्षति पुगेको छ, २६ किलोमिटर सडक अवरुद्ध भएको छ भने १३६ वटा स्थानमा सडक तथा पुलहरूमा क्षति पुगेको छ", उहाँले भन्नुभयो। मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोरअन्तर्गत सिद्धार्थ राजमार्ग, डुम्रे बेशीसहर चामे सडकलगायतका सडकमा बाढीले क्षति पुर्‍याएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो।

सडक मर्मतका लागि तत्काल करिब रु ३५ करोड र पुल मर्मतका लागि रु तीन अर्ब ८७ करोड लाग्ने देखिएको छ। साथै, सडक तथा पुलको स्थानीय पुनर्निर्माण लागतका लागि करिब रु आठ अर्ब ३७ करोडभन्दा बढी लाग्ने देखिएको उहाँको भनाइ छ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले नेपालतर्फको मोहडामा रहेका ४७ वटा हिमताल विस्फोटको उच्च जोखिममा रहेको र त्समध्ये ४२ वटा कोशी जलाधार क्षेत्रमा रहेको उल्लेख गर्दै पूर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "कोशी प्रदेश सरकार विपद् व्यवस्थापनमा कमजोर छ, हाम्रो सामर्थ्यले मात्रै पुग्दैन, जनशक्ति र उपकरणमा थप सहयोग चाहिन्छ।"

मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले तराई-मधेसमा खानेपानीको ठूलो समस्या रहेको उल्लेख गर्दै त्यसको यथासक्य छिटो व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो। "तराई मधेसमा अहिले जमिनमुनिको पानीको सतह कमजोर भइरहेको छ, तिहारपछि थप समस्या हुन्छ, यसका लागि केन्द्र सरकारको साथ आवश्यक छ," उहाँले भन्नुभयो।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापा मगरले गत भदौ १० गतेदेखि नै बाढी प्रभावित क्षेत्रमा सङ्घ र स्थानीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले काम गरिरहेको बताउनुभयो। उहाँका अनुसार रसुवाको बाढी प्रभावित क्षेत्रमा पाँच वटा झोलुङ्गे पुल र दुई ठाउँमा बेलिब्रिज राख्नका लागि बोलपत्र आह्वान गर्ने तयारीमा रहेको जानकारी दिनुभयो।

त्यसैगरी, बाढी प्रभावितका लागि विदुर नगरपालिका-२ राममन्दिरस्थित लामिडाँडाको सामुदायिक वनमा भएको जग्गा सट्टाभर्ना गर्ने गरी व्यवस्थापन गर्न सकिने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "लामिडाँडामा एक हजा १८५ रोपनी सामुदायिक वन र करिब ४०० रोपनी निजी जग्गा छ, उक्त जग्गालाई 'ल्यान्ड पुलिङ' गरेर सुरक्षित स्थानान्तरण गर्न सकिन्छ।"

## दुई कास्य ...

महसुस गरिएको छ।

**नहार्दै बाहिरिदाको पिडा**

कुनै पनि खेलको निर्णय खेलपछि हुने जित वा हारले गर्ने गर्दछ तर एशियाडमा खेल्दै नखेली विश्व वरियतामा अगाडि रहेका देश अघिल्लो चरणमा जान पाउने नियमले क्रिकेटमा भर्खरै आफ्नो स्थान बनाउन प्रयास गरिरहेको नेपाल जस्तो मुलुकलाई समस्या परेको छ। एशियाडमा नेपाली क्रिकेट टोली कुनै खेलमा पराजित नभएता पनि प्रतियोगिताबाट बाहिरिनु परेकाले खेलाडीहरूका साथै नेपाल टोलीको हौसला बढाउन नागोयाको मैदानमै पुगेका खेलप्रेमीहरू निरास हुन पुगेका थिए।

नेपाल र श्रीलङ्काबीचको क्वाटरफाइनल वर्षाको कारण हुन नसकेर विश्व बरियताको आधारमा श्रीलङ्का सेमीफाइनलमा पुगेपछि नेपालको अघिल्लो यात्रा रोकिन पुग्यो।वर्षाको कारण प्रतियोगताका चारवटै क्वाटरफाइनल हुन सकेका थिएनन्। खेलको निर्धारित समयमा पानी परे अर्को दिन खेलाएर नतिजा निर्धारण गर्नु पर्दथ्यो। नेपालले पहिलो खेलमा १२ वर्षपछि अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो। जापानसँग भएको दोस्रो खेलमा पनि उत्कृष्ट खेल प्रदर्शन गरेको नेपाल समूह विजेताको रूपमा क्वाटरफाईनलमा प्रवेश गरेको थियो। टस नै नगरिएको अवस्थामा प्रतियोगिताबाट बाहिरिनु परेपछि नेपाललगायतका एशोशिएट मुलुकले यस्तो अव्यावहारिक नियम खारेज गर्नका लागि सम्बन्धित निकायमा आवाज उठाउन जरुरी भएको छ।

**धेरै खेलमा किन पदक आएन ?**

एशियाडमा भाग लिएका ४५ मुलुक तथा क्षेत्रका खेलाडीहरू पदक जित्ने लक्ष्यका साथ ने जापान गएका थिए। एसियालीमुलुकका तर्फबाट ओलम्पिक तथा विश्व च्याम्पियनसीपमा पदक जितेका कयौं खेलाडीले आ-आफ्नो मुलुकको प्रतिनिधित्व गरेका थिए। प्रतियोगितामा नेपाली खेलाडीहरूले आफ्नो क्षमता अनुसारको खेल प्रदर्शन गरे। अपेक्षा गरेअनुसार पदक ल्याउन नसक्नुमा खेलाडीहरूको मात्र दोष छैन। आफ्ना खेलाडीहरूको क्षमतालाई एसियालीखेलकुदको स्तरसम्म लैजान यथेष्ट प्रयास हुन सकेन।

नेपाली खेलकुद क्षेत्रमा संस्थागत विकास भएको सात दशकभन्दा बढी भैसकेको छ तर तल्लो तहदेखि नै खेलकुद क्षेत्रमा आवश्यकता अनुसार लगानी हुन सकेको छैन। सानै उमेरदेखि खेलाडीलाई खेल कौशल सिकाएर दीर्घकालीन रूपमा प्रतिभाशाली खेलाडीहरू उत्पादन गर्ने नियमित प्रशिक्षणको नभएसम्म नेपाल वैदेशिक मैदानमा पछि परिरहनु कुनै नौलो मानिदैन। अन्य राष्ट्रहरूसंग प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरू तयार पार्न यथेष्ट लगानी नगरेसम्म पदक प्राप्त त्यति सहज छैन। यसपालि नेपालले २१ वटा खेलमा सहभागिता जनाउनु उचित थिएन। खेलाडीहरूको खेल प्रदर्शनको धरातलको आँकलननै नगरेर धेरै खेलमा प्रतिस्पर्धा गर्दा पराजय भोग्नु पर्‍यो। पदकको सम्भावना भएका खेलमा मात्र खेलाडी पठाइएको भए यस्तो स्थिति पक्कै आउँदैनथ्यो। विगतका प्रतियोगितामा प्रदर्शनको इतिहासका साथै पछिल्ला वर्षहरूमा स्वदेशी तथा वैदेशिक प्रतियोगितामा हासिल भएका उपलब्धिका आधारमा खेल चयन हुन सकेन।

खेल सङ्घहरूका पदाधिकारीहरूबीच आ-आफ्ना खेललाई जसरी पनि एसियालीखेलकुदमा समावेश गराउने होडमा अत्यधिक खेलमा भाग लिएको नतिजा मैदानमा निरासाजनक प्रदर्शनबाट देखियो। कतिपयले राष्ट्रिय खेलकुद परिषद तथा सम्बन्धित खेल स)घको उचित योजना तथा व्यवस्थापनको अभावलाई अर्को प्रमुख कारणको रूपमा लिएका छन्। यसमा सीमित बजेट, स्रोतको अस्थिरताको भूमिको साथै खेलाडीहरूको नियमित र दीर्घकालीन प्रशिक्षणको अभाव, अन्तर्राष्ट्रिय प्रतियोगितामा अनुभवको कमी जस्ता कारणले पनि खेलाडीहरू उचित प्रदर्शन गर्नबाट चुकेको देखिन्छ।

नेपालको प्रतिनिधित्व गर्दै दुई सयभन्दा बढी संख्यामा खेल टोली जापान पुगेर पनि दुईवटा कास्य पदकमा चित्त बुझाउनु पर्ने स्थिति पक्कै सुखद होइन। दक्षिण एशियाकै मित्र राष्ट्र भुटानले जम्मा १३ जना मात्र खेलाडी पठाएको थियो। बाढी पहिरोको समस्यामा अल्झिरहेको नेपालबाट ठूलो टोलीलाई राज्यले गरेको लगानीबाट प्राप्त प्रतिफल सन्तोषजनक मान्न सकिदैन।

**अबको बाटो**

जापानबाट नेपाली खेल अधिकारीहरू स्वदेश फर्केपछि एशियाडमा नेपालको पराजय किन भयो विस्तृत रूपमा समीक्षा गर्नु अत्यन्त जरुरी मानिएको छ। नेपाल कुन खेलमा के कस्ता कमजोरीले गर्दा पराजित हुनुपर्‍यो भन्नेबारे खेल प्रशिक्षक तथा खेलाडीहरूको अनुभवबाट पनि जानकारी लिनु पर्दछ। यस्तो समीक्षाबाट आएका निचोडलाई आगामी वैदेशिक प्रतियोगिताहरूमा सुधारका लागि प्रयोग गर्नसके विदेशी भूमिमा लज्जाजनक रूपमा पराजय भोग्नुपर्ने स्थिति रहँदैन। ओलम्पिक, एसियालीखेलकुद तथा दक्षिण एसियालीखेलकुदजस्ता आधिकारिक खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने अबको बाटो भनेको प्राथमिकताका खेलमा केन्द्रित लगानी गर्नु हो। यसका लागि प्रतिभा चयन गरेर योग्य प्रशिक्षकमार्फत उनीहरूलाई निश्चित अवधि तोकेर दीर्घकालीन प्रशिक्षण दिन ढिलो गर्नु हुन्न। खेल विज्ञानलाई प्रशिक्षणको मूल आधार बनाइनुपर्छ। खेलाडीहरूको नियमित प्रदर्शनको अवस्थाबारे सम्बन्धित निकायबाट निगरानी भइरहनु पर्ने आवश्यकता पनि देखिएको छ।

नागोयामा नेपालले प्राप्त गरेको परिणामलाई प्रतियोगिता भएको असफलताका रूपमा मात्र हेर्नुभन्दा समग्र रूपमा नेपाली खेलकुद प्रणालीको वर्तमान अवस्थाका रूपमा हेर्न सकिन्छ। अब छ महिनापछि नै पाकिस्तानमा हुने दक्षिण एसियालीखेलकुद, सन् २०२८ मा अमेरिकामा हुने ओलम्पिक तथा सन् २०३० मा कतारमा हुने एशियाडमा नेपालको पदक आउने आधार बनाउन सरकारले बृहत मिसनको नेतृत्व लिनुपर्ने हुन्छ। राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा सम्बन्धित खेल सङ्घ आपसी विवादमा नअल्मलिई वर्षैभरि बृहत खेलकुद प्रशिक्षण मिसन सञ्चालन गर्न एकैसाथ जुटनुपर्दछ। नागोया एशियाडमा नेपाली खेलाडीहरूले पदक प्राप्तिका लागि अनुभव गरेका कठिन बाटोलाई कसरी सहज बनाउन सकिन्छ त्यही नै अबको नेपाली खेलकुद जगत्को प्रमुख अभियान हुन सक्दछ।

## विश्व समाचार

### इमरानको रिहाइ माग्दै मार्च

इस्लामावाद, १९ असोज (रासस/एपी)।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै उहाँका पाँच हजारभन्दा बढी समर्थकले आइतबार खैबर पख्तुनख्वाबाट राजधानी इस्लामावादतर्फ मार्च सुरु गरेका छन्। सरकार र खानको पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) पार्टीबीच मार्च स्थगित गर्ने विषयमा भएको वार्ता निष्कर्षविहीन भएपछि समर्थकहरू राजधानीतर्फ अघि बढेका हुन्। खान भ्रष्टाचारलगायतका अभियोगमा सन् २०२३ देखि जेलमा हुनुहुन्छ। उहाँ र उहाँको पार्टीले ती अभियोग राजनीतिक रूपमा प्रेरित भएको बताउँदै आएका छन्। कारावासमा रहे पनि खानले ठूलो जनसमर्थन कायम राख्नुभएको छ। पिटिआई समर्थकहरू ट्रक, बस र कार लिएर लक्की मारवत जिल्लाबाट राजधानीतर्फ अघि बढेका छन्। मार्चको नेतृत्व खैबर पख्तुनख्वाका मुख्यमन्त्री तथा खानका समर्थक सोहेल अफ्रिदीले गर्नुभएको छ। अधिकारीहरूले इस्लामावाद प्रवेश गर्ने मुख्य मार्ग र सहरभित्र कन्टेनर राखेर सडक अवरोध गरेका छन्। पिटिआई अध्यक्ष गौहर खानले दुई चरणको वार्तापछि छलफल ठप्प भएको बताउनुभएको छ। गृहमन्त्री मोहसिन नकवीले वार्ता असफल हुनुमा अफ्रिदीलाई जिम्मेवार ठहराउँदै मार्चका क्रममा मानवीय क्षति भए उहाँ नै जिम्मेवार हुनचर्से चेतावनी दिनुभएको छ। सरकारले उत्तरपश्चिमी क्षेत्रमा पाकिस्तानी तालिबानका आतङ्कवादी आक्रमण बढिरहेकाले मार्च स्थगित गर्न आग्रह गरेको छ। प्रदर्शनकारीहरूले खानको रिहाइसँगै उहाँलाई अस्पतालमा स्थानान्तरण गर्न र परिवारसँग भेट्न दिन माग गरेका छन्। अधिकारीहरूले भने उहाँको स्वास्थ्य राम्रो रहेको र नियमित पारिवारिक भेटघाट भइरहेको बताएका छन्। खानलाई अप्रिल २०२२ मा संसदीय अविश्वास प्रस्तावमार्फत प्रधानमन्त्री पदबाट हटाइएको थियो। फेब्रुअरी २०२४ को निर्वाचनपछि शाहबाज सरिफ पुनः प्रधानमन्त्री बन्नुभएको हो। उक्त निर्वाचनमा धाँधली भएको खानको पार्टीको आरोप सरकारले अस्वीकार गर्दै आएको छ।

### नोबेल पुरस्कारका पाँच तथ्य

स्टकहोम, १९ असोज (रासस/एएफपी)।

मानवताका लागि उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सन् १९०१ देखि प्रदान गरिँदै आएको नोबेल पुरस्कारको इतिहासमा सङ्घर्ष, उमेरको विविधता, महिला प्रतिनिधित्व तथा संस्थापक अल्फ्रेड नोबेलको साहित्यप्रतिको रुचिसँग सम्बन्धित अनेक रोचक पक्ष छन्। यस वर्षका पुरस्कार विजेताको घोषणा अक्टोबर ५ देखि १२ सम्म हुनेछ। नोबेल शान्ति पुरस्कारका पाँच विजेता पुरस्कार समारोहमा सहभागी हुन पाएका छैनन्। सन् १९३६ का विजेता कार्ल भोन ओस्सिएत्स्की नाजी यातना शिविरमा हुनुहुन्थ्यो भने आङ सान सुकी सन् १९९१ मा नजरबन्दमा हुनुहुन्थ्यो। सन् २०१० का विजेता लिउ सियाओबो जेलमा रहँदा उहाँका लागि पुरस्कार राखिएको कुर्सी खाली राखिएको थियो। सन् २०२२ मा एलेस बियालियात्स्की जेलमा हुनुहुन्थ्यो र उहाँको प्रतिनिधित्व पत्नी नतालिया पिन्चुकले गर्नुभएको थियो। सन् २०२३ मा नर्गिस मोहम्मदी पनि जेलमै हुनुहुन्थ्यो।उमेरका हिसाबले पाकिस्तानी अधिकारकर्मी मलाला युसुफजाई १७ वर्षमा नोबेल पुरस्कार पाउने सबैभन्दा कान्छी विजेता बन्नुभएको थियो। अर्कोतर्फ अमेरिकी वैज्ञानिक जोन गुडएनफले ९७ वर्षको उमेरमा सन् २०१९ मा रसायनशास्त्रतर्फ पुरस्कार पाउनुभएको थियो। उहाँ सबैभन्दा वृद्ध नोबेल विजेता हुनुहुन्छ। सन् १९७४ देखि सामान्यतः मरणोपरान्त नोबेल पुरस्कार दिन रोकिएको छ। त्यसअघि डाग ह्यामरशोल्ड र एरिक एक्सेल कार्लफेल्टले मरणोपरान्त पुरस्कार पाउनुभएको थियो। सन् २०११ मा राल्फ स्टाइनम्यानलाई पुरस्कारका लागि चयन गरिएको तीन दिनअघि उहाँको निधन भएको जानकारी नभए पनि फाउन्डेसनले उहाँलाई पुरस्कार प्रदान गरेको थियो। सन् १९०१ यता प्रदान गरिएका ६३३ नोबेल पुरस्कारमध्ये ६४ वटा मात्र महिलाले पाएका छन्। विज्ञानतर्फ प्रतिनिधित्व अझ न्यून छ। मेरी क्युरी सन् १९०३ मा नोबेल पुरस्कार पाउने पहिलो महिला बन्नुभएको थियो र उहाँ आजसम्म दुई नोबेल पुरस्कार पाउने एक्ली महिला हुनुहुन्छ। नोबेल पुरस्कारका संस्थापक अल्फ्रेड नोबेल डाइनामाइटका आविष्कारकका रूपमा प्रसिद्ध भए पनि उहाँ अङ्ग्रेजी कविताका प्रशंसक तथा स्वयं कवि हुनुहुन्थ्यो। पर्सी बिसी शेली र लर्ड बायरनबाट प्रभावित उहाँले जीवनभर कविता लेख्नुभयो। जीवनको अन्तिम वर्ष सन् १८९६ मा उहाँले शेलीको 'द सेन्सी' बाट प्रेरित 'नेमेसिस' नामक चार अङ्कको त्रासदीसमेत लेख्नुभएको थियो।

### अमेरिकी मध्यावधि निर्वाचनमा प्रतिस्पर्धा

वासिङ्टन, १९ असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालको बाँकी दुई वर्षको राजनीतिक दिशा निर्धारण गर्ने मध्यावधि निर्वाचन नोभेम्बर ३ मा हुँदैछ। राष्ट्रपतिको नाम मतपत्रमा नरहे पनि काङ्ग्रेसका दुवै सदन, ३६ राज्यका गभर्नर तथा हजारौँ राज्यस्तरीय पदका लागि हुने निर्वाचनले उहाँको प्रशासनमा महत्त्वपूर्ण प्रभाव पार्नेछ। प्रतिनिधि सभा (हाउस अफ रिप्रिजेन्टेटिभ्स) का ४३५ र सिनेटका ३५ सिटका लागि हुने निर्वाचनमा प्रतिनिधि सभाको बहुमतका लागि २१८ सिट आवश्यक छ। हाल प्रतिनिधि सभामा २१८ रिपब्लिकन र २१४ डेमोक्रेटिकसहित एक स्वतन्त्र र दुई रिक्त सिट छन्। सिनेटमा रिपब्लिकन ५३ र डेमोक्रेट ४७ सिटमा छन्। डेमोक्रेटलाई सिनेट नियन्त्रणका लागि चार सिट थप आवश्यक पर्नेछ।

सेप्टेम्बर १४-१५ को पीबीएस न्युज/एनपीआर/मारिस्ट सर्वेक्षणमा काङ्ग्रेसका उम्मेदवार छनोट गर्दा ५३ प्रतिशत दर्ता मतदाताले डेमोक्रेट र ४१ प्रतिशतले रिपब्लिकनलाई समर्थन गर्ने बताएका थिए। स्वतन्त्र मतदातामध्ये डेमोक्रेटको समर्थन ५७ प्रतिशत र रिपब्लिकनको ३२ प्रतिशत थियो। विभिन्न सेप्टेम्बर सर्वेक्षणमा राष्ट्रपति ट्रम्पको अनुमोदन दर ३२ देखि ४१ प्रतिशतबीच देखिएको छ। निर्वाचन प्रचारमा पनि ठूलो रकम खर्च भइरहेको छ। सन् २०२५-२६ को निर्वाचन चक्रमा विज्ञापनमा करिब १२ अर्ब अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ। क्यालिफोर्नियाको गभर्नरको प्रारम्भिक निर्वाचनमा मात्रै ३३ करोड डलर खर्च भएको बताइएको छ। यस वर्ष काङ्ग्रेसको प्रारम्भिक निर्वाचनमा दुई हजार ४९७ उम्मेदवार सहभागी भएका थिए। नोभेम्बर ३ को प्रतिनिधि सभा निर्वाचनमा सन् २०२४ का प्रमुख दलका उम्मेदवारबीच ४४ वटा पुनः प्रतिस्पर्धा हुँदैछ भने राज्य तथा स्थानीय निर्वाचनसमेत जोड्दा त्यस्ता ४७४ पुनः प्रतिस्पर्धा हुनेछन्।

# उच्च शिक्षा सुधारबारे मधेसमा उच्चस्तरीय संवाद

बारा, १९ असोज (रासस)।

उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे मधेस प्रदेशमा उच्चस्तरीय संवादसुरु भएको छ। युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले सोमबार बाराको सिमरामा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे संवाद कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा सङ्घीय सांसद, प्रदेश सरकार तथा विश्वविद्यालयका पदाधिकारी, स्थानीय सरोकार भएका निकायका प्रतिनिधि, नागरिक समाज, सरकारी नीति निर्माता, विज्ञलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता छ।

'उच्च शिक्षा सुधार तथा राष्ट्रिय योग्यता प्रारुप मधेस प्रदेशमा उच्च शिक्षाको भविष्य' विषयक दुई दिवसीय उच्चस्तरीय संवाद कार्यक्रममा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे सम्बन्धित विषयविज्ञले कार्यपत्र प्रस्तुत गर्नुहुनेछ। प्रस्तुत कार्यपत्रमाथि समूहगत छलफल हुनेछ। उच्चस्तरीय संवाद कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल सहभागी हुनुहुनेछ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा खड्गबहादुर केसी, शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेल, शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापा, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरहट्टा, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा डा श्यामनारायण लाभ र काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्रा डा विवेक बराल सहभागी हुनुहुन्छ।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा केसीले मधेस प्रदेशको उच्च शिक्षाको अवस्थाबारे प्रस्तुतितीकरण गर्नुभएको थियो। कार्यक्रमको दोस्रो सत्रमा उच्च शिक्षाको परिदृष्यका सन्दर्भमा विशेष गरी मधेस प्रदेशलाई केन्द्रविन्दुमा राखेर उच्च शिक्षाको फुटप्रिन्ट (शिक्षाले पारेको प्रभाव, छाप वा रेखाङ्कन) प्रस्तुत गरिनेछ।

त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयका शिक्षाध्यक्षहरूले प्रस्तुति दिइरहनुभएको छ। यस्तै तेस्रो प्रस्तुतिका रूपमा शिक्षा मन्त्रालयले मधेस प्रदेशमा उच्च शिक्षाको क्षेत्रमा कस्तो सोच राखेको छ। उक्त सोच कार्यान्वयनका लागि मधेस प्रदेशका नेतृत्वबाट के कस्ता सहयोग अपेक्षा गरिएको छ भन्नेबारे प्रस्तुति रहनेछ।

शिक्षा मन्त्रालयका सहसचिव जयराम अधिकारीका अनुसार संवादमा जिल्लागत रूपमा उच्च शिक्षाको सम्भाव्यता, विद्यमान समस्या तथा सुधारका सम्भावनाबारे छलफल हुनेछ। राष्ट्रिय योग्यता प्रारुपअन्तर्गत औपचारिक, अनौपचारिक तथा सीप शिक्षाबाट प्राप्त ज्ञान र सीपलाई एकीकृत तथा प्रमाणीकरण गर्ने विषयलाई प्राथमिकताका साथ छलफल गरिने उहाँले बताउनुभयो।

एक प्रकारको शिक्षाबाट अर्को प्रकारको शिक्षामा रूपान्तरण, शिक्षामा गतिशीलता, क्रेडिट सञ्चय तथा स्थानान्तरण प्रणाली विकास गर्ने विषयसमेत राष्ट्रिय योग्यता प्रारुपको महत्त्वपूर्ण पक्ष रहेको अधिकारीले जानकारी दिनुभयो। शिक्षा मन्त्रालयको विधेयकमा समेत यो विषय प्राथमिकतामा रहेको उहाँको भनाइ छ।

अनिवार्य आधारभूत शिक्षाको अवसर नपाएका, वैकल्पिक माध्यमबाट शिक्षा हासिल गरेका तथा परम्परागत माध्यमबाट सीप प्राप्त गरेका व्यक्तिलाई राष्ट्रिय योग्यता प्रणालीमा समेट्ने उद्देश्य रहेको उहाँले बताउनुभयो।

## *संघीयतामैत्री ...*

मापदण्ड र ज्येष्ठ पत्रकार पेन्सन सुविधा प्रदेशबाटै कार्यान्वयन हुने व्यवस्था मिलाउनुपर्ने तथा मर्यादित कानुनी व्यवस्था: मिडिया र पत्रकारका मुद्दामा फौजदारी ऐन वा कडा सजायको सट्टा देवानी कार्यविधि संहिता अन्तर्गत नियमन गर्ने र सामाजिक सञ्जाल प्रयोगकर्ता र पेसागत पत्रकार बिच स्पष्ट कानुनी भिन्नता छुट्याउनुपर्ने सुझावहरु रहेका छन्।

सुझाव पत्र बुझ्दै मन्त्री तिमिल्सिनाले सुझावहरूलाई सकारात्मक रूपमा लिँदै मिडिया कानुनलाई थप समावेशी, व्यवहारिक र संघीयता अनुकूल बनाउन आवश्यक पहल गर्ने आश्वासन दिएको मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष खड्गाले जानकारी दिए।

## *पचिस ...*

ना ७ ख १८२५ नम्बरको ट्रक रोकी जाँच गर्ने क्रममा ८३ वटा बोरामा 'प्याक' गरिएको उक्त परिमाणको गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख पुष्पराज मल्लले जानकारी दिएका छन्।

बन्दागोबी बोकेको ट्रकमा लुकाएर लैजाँदै गरेको अवस्थामा सहिदभूमि गाउँपालिका-२ का ३३ वर्षीय चालक राजु राई र १८ वर्षीय सहचालक सन्दीप राईलाई पक्राउ गरिएको हो। पक्राउ परेका दुवैलाई जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सुनसरीले जनाएको छ।



भूमि व्यवस्था सहकारी सहकारी तथा गरिबी निवारण मन्त्रालय सामान्य प्रशासन मन्त्रालय फोन नः ०३१-२००४९

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, राजविराज

पत्र संख्या :

चलानी नम्बर :

प्राप्त पत्र संख्या र मिति :

मिति : २०८३।६।१६

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

[illegible] दर्ता रहेको साविक प्र.रा.ला. [illegible] मौजा रैन [illegible] हाल तपसिल बमोजिम नापी भएको जग्गा [illegible] गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. [illegible] वार्ड नं. ६ हाल परिवर्तित [illegible] गा.पा./न.पा. वडा नं. २ बस्ने [illegible] द.नं. [illegible] मिति [illegible] मा निवेदन परी [illegible] सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८३।६।१६ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता गरिदिँदा कसैको हक भोग वा ऐलानी वा सार्वजनिक डगर, बाटो, नहर, गौचर समसान घाट प्रति इत्यादी जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सबुत प्रमाण साथ लिई यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्याद भित्र कसैको दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम निवेदकको नाममा गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| मोजे | सा. कि.नं. | गा.वि.स./न.पा. | वाड नं. | हाल कि.नं. | क्षेत्रफल | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| [illegible] | १५ | [illegible] | ६ | २ | ०-८-१५ | [illegible] | [illegible] |
| | ,, | ,, | ६ | ३ | ०-५-० | [illegible] | [illegible] |

# इन्टरनेट अवरोधबाट उत्पन्न हुने जोखिमको पूर्वअनुमान हुनुपर्छ : प्रधानन्यायाधीश

ललितपुर, १९ असोज (रासस)।

प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले अवरोधबाट उत्पन्न हुने जोखिमको पूर्वअनुमान गर्नुपर्ने भन्दै यसबाट उत्पन्न हुने समस्या समाधान गर्न सक्ने प्रभावकारी रणनीति बनाउनुपर्नेमा जोड दिनुभएको छ।

'सङ्कटको समयमा लचिलो इन्टरनेटको संरक्षण' भन्ने नाराका साथ एसिया प्रशान्त क्षेत्रीय इन्टरनेट गभर्नेन्स फोरम (एपिरिजीएफ)ले सोमबार ललितपुरमा आयोजना गरेको १७औँ संस्करणको कार्यक्रममा उहाँले इन्टरनेट गभर्नेन्स जोखिम व्यवस्थापन (इन्टरनेटको सञ्चालन, नीति निर्माण, र प्रयोगका क्रममा आउन सक्ने सम्भावित जोखिमको पहिचान, मूल्याङ्कन, र नियन्त्रण गर्ने प्रक्रिया) र तयारी उत्थानशीलतामा आधारित हुनुपर्नेमा जोड दिनुभयो।

"उत्थानशील इन्टरनेट र डिजिटल पूर्वाधार भनेको मानिस, तिनका अधिकार र संस्थाको रक्षा गर्नु हो। अधिकारको प्रभावकारी उपभोग र अत्यावश्यक सार्वजनिक सेवामा पहुँच भरपर्दो र सुरक्षित डिजिटल पूर्वाधारमा निर्भर हुन्छ, विश्वव्यापी नागरिकका रूपमा हामीले एउटा यस्तो इन्टरनेट गभर्नेन्स ढाँचा निर्माण गर्न मिलेर काम गर्नुपर्छ जुन सुरक्षित, समावेशी, जवाफदेही र मानवकेन्द्रित होस्, जसले नवीनतालाई अङ्गीकार गरोस् र कुनै पनि समुदाय पछाडि नछुटोस्", प्रधानन्यायाधीश डा शर्माले भन्नुभयो।

सङ्कटका बेला सार्वजनिक सेवा र संस्थागत निरन्तरता कायम राख्न डिजिटल पूर्वाधारको उत्थानशीलता (लचकता) अपरिहार्य रहेको धारणा राख्दै उहाँले सूचना प्रविधि दैनिक जीवनको अभिन्न अङ्ग बनिसकेको अवस्थामा सङ्कटका बेला डिजिटल पूर्वाधारको सुरक्षा र निरन्तरतामा विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

नेपालले हालै सार्वजनिक पूर्वाधारमा अवरोध तथा क्षति र प्राकृतिक विपत्तिको सामना गरेको उल्लेख गर्दै प्रधानन्यायाधीश डा शर्माले यस्ता घटनाले डिजिटल तथा प्रविधि पूर्वाधारको संवेदनशीलता उजागर गरेको धारणा राख्नुभयो। भोटेकोशी र त्रिशूली नदी प्रणालीमा आएको बाढीले सडक, विद्युत् र दूरसञ्चार पूर्वाधारमा क्षति पुर्याएको उल्लेख गर्दै उहाँले अवरोध सहन सक्ने, परिस्थितिअनुसार अनुकूल हुन सक्ने र शीघ्र पुनःस्थापित हुने प्रणाली निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

न्यायपालिकामा प्रविधिको प्रयोग बढ्दै गएको उल्लेख गर्दै प्रधानन्यायाधीश शर्माले मुद्दा व्यवस्थापन, विद्युतीय अभिलेख, अभिलेख तथा प्रमाण व्यवस्थापन र न्यायिक सुनुवाइमा प्रविधिले महत्वपूर्ण सहयोग पुर्याइरहेको बताउनुभयो। डिजिटल प्रणालीसँगै नयाँ जोखिम सिर्जना हुने भएकाले सुरक्षित डिजिटल अभिलेख, भरपर्दो भण्डारण र प्रभावकारी विपद् पुनरुत्थान प्रणाली आवश्यक पर्ने उहाँको भनाइ छ।

उहाँले डिजिटल रूपान्तरणको अन्तिम उद्देश्य न्यायमा पहुँच सुदृढ गर्दै छरितो, कम खर्चिलो र नागरिक केन्द्रीत न्याय सुनिश्चित गर्नु रहेको बताउनुभयो। डिजिटल प्रणालीले न्यायिककार्यलाई प्रभावकारी बनाउनुका साथै जवाफदेहिता र सार्वजनिक विश्वास सुदृढ गर्नुपर्ने उहाँले जोड दिनुभयो।

प्रधानन्यायाधीश शर्माले बाढी, चक्रवात, भूकम्प, पहिरो तथा साइबर अपराधजस्ता जोखिम राष्ट्रिय सीमाभन्दा बाहिर फैलिन सक्ने भएकाले क्षेत्रीय तथा अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको बताउनुभयो। आपतकालीन कनेक्टिभिटी, डिजिटल पूर्वाधारमा सहकार्य, ज्ञान आदानप्रदान तथा विपद् पुनरुत्थानलाई साझा एजेण्डाका रूपमा अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सर्वोच्च अदालतले हालै जारी गरेको 'न्यायपालिकामा सूचना तथा सञ्चार प्रविधि नीति २०२६' ले सूचना सुरक्षालाई न्यायपालिकाको डिजिटल रूपान्तरणको मुख्य आधारका रूपमा लिए जनाउँदै प्रधानन्यायाधीश शर्माले डिजिटल रूपान्तरण नवीनतामा मात्र नभई सुरक्षा, उत्थानशीलता, पूर्वतयारी र जनविश्वासमा आधारित हुनुपर्ने धारणा राख्नुभयो।

'सङ्कटका बेला उत्थानशील (लचिलो) इन्टरनेटको संरक्षण' विषयमा आयोजित यस कार्यक्रमले एसिया-प्रशान्त क्षेत्रका सहभागीबीच साझा समझदारी र क्षेत्रीय सहकार्यलाई थप सुदृढ गर्ने उहँले विश्वास व्यक्त गर्नुभयो।

संयुक्त राष्ट्रसङ्घको इन्टरनेट गभर्नेन्स फोरम (आइजीएफ)को क्षेत्रीय पहलका रूपमा आयोजना भएको यो कार्यक्रमले इन्टरनेट शासन, डिजिटल अधिकार, सुरक्षा तथा सङ्कटका समयमा सुरक्षित र लचिलो इन्टरनेट संरचनालगायत विषयमा क्षेत्रीय संवाद र सहकार्यलाई प्राथमिकता दिने जानकारी दिइएको छ। सोमबारदेखि सुरु भएको कार्यक्रम असोज २१ गते बुधबारसम्म सञ्चालन हुने आयोजक अधिवक्ता बाबुराम अर्यालले जानकारी दिनुभयो।

# स्वास्थ्य बिमामा डिजिटल सुधार गरिँदै, राष्ट्रिय परिचयपत्र अनिवार्य

काठमाडौँ, १९ असोज (रासस)।

स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा कार्यक्रम सेवालाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन विभिन्न चार वटा डिजिटल सुधारका निर्णय गरेको छ।

बोर्डको दोस्रो बैठकले स्वास्थ्य बिमामा नयाँ आबद्धता, नवीकरण र दाबी भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने निर्णय गरेको हो। विसं २०८३ पुस १ गतेदेखि १६ वर्ष उमेर पूरा भएका नागरिकका लागि स्वास्थ्य बिमा कार्यक्रममा नयाँ आबद्ध हुन, नवीकरण गर्न तथा स्वास्थ्य सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरिएको छ।

यसबाट बीमितको सही पहिचान हुने, दोहोरो आबद्धता रोकिने र दाबी व्यवस्थापन विश्वासनीय हुने अपेक्षा गरिएको छ। बैठकले स्वास्थ्य बिमाअन्तर्गत सेवा खरिद र भुक्तानी प्रणालीलाई वैज्ञानिक, दिगो र लागत-प्रभावकारी बनाउन एक रणनीतिक खरिदसम्बन्धी अध्ययन कार्यदल गठन गरेको छ।

कागजी प्रक्रिया र भुक्तानीमा हुने ढिलाइलाई अन्त्य गर्न बोर्डले डिजिटल स्वास्थ्य अभिलेखलाई प्राथमिकता दिएको छ। अब स्वास्थ्य संस्थाबाट इएमआार (इलेक्ट्रोनिक मेडिकल रेकर्ड) प्रणालीमार्फत प्राप्त डिजिटल विवरण र दाबीलाई कानुनी मान्यता दिइने निर्णय भएको छ।

स्वास्थ्य बिमाको दाबी व्यवस्थापनलाई तथ्यपरक अन्तरराष्ट्रिय मापदण्डअनुरूप बनाउन पहिलो चरणमा दुई हजार १८९ वटा कस्टमाइज्ड आइसिडि-११ कोड आइएमआइएस' मा प्रयोग गरिने भएको छ। आइसिडि-११ भनेको विश्व स्वास्थ्य संगठन द्वारा विकास गरिएको रोग तथा स्वास्थ्य सम्बन्धी समस्याहरूको अन्तर्राष्ट्रिय वर्गीकरणको ११औँ संस्करण हो। यसले बिरामीको रोग पहिचान अभिलेखीकरणमा एकरूपता ल्याउने र दाबी परीक्षणलाई थप व्यवस्थित बनाउनेछ।

## *सप्तरीबाट ...*

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिएका छन्।

संस्थाका निर्देशक नवीन जोशीले प्रहरी नायब उपरीक्षक घिमिरेसँग समन्वय गरी शिवकुमारलाई नेपाल ल्याई प्रहरी कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ।

आईतबार साँझ अग्नीसाइर कृष्णसवरण गाउँपालिका ६ का जनप्रतिनिधिको रोहवरमा शिवकुमारका अभिभावकलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिका जोगिनियाँ टोल निवासी १६ वर्षीया अनिसा कुमारी यादव र सोही स्थानका १६ वर्षीया बबिता कुमारी गोठिया हराएको भन्दै परिवारजनले भदौ ११ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोजतलासका लागि निवेदन दिएका थिए।

खोजतलास गर्ने क्रममा दुवै बालिका भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि नयाँ दिल्लीस्थित 'किङ इन्डिया' संस्थासँग आवश्यक समन्वय गरी बालिकाहररुको उद्धार गरी आईतबार अभिभावकको जिम्मा लगाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*